सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

आदेश

०७९-WC-००२७

विषयः दोहोऱ्याई मतगणना गरी पाउँ।

धनुषा जिल्ला, सबैला नगरपालिका वडा नं. ९ कोल्हुवामोड बस्ने प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १(क) धनुषा, मधेश प्रदेशको जनता समाजवादी पार्टीको तर्फबाट उम्मेदवार रहेका सुकेश्वर यादव ....................................................१ निवेदक

विरूद्ध

निवार्चन आयोग, कान्तिपथ, काठमाडौं ....................................................१

प्रमुख निर्वाचन आयुक्त ऐ.ऐ. ....................................................१

मुख्य निवार्चन अधिकृतको कार्यालय, निधिभवन क्षेत्र नं. ३ धनुषा, जनकपुर ........१

मुख्य निर्वाचन आयुक्त ऐ.ऐ. ....................................................१

निर्वाचन अधिकृतको कार्यालय, प्रतिनिधि सभा सदस्य क्षेत्र नं. १ तथा प्रदेश सभा सदस्य १(क) ....................................................१ प्रत्यर्थी

निर्वाचन अधिकृतको कार्यालय ऐ.ऐ. ....................................................१

धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) को प्रतिनिधि सभा सदस्यमा निर्वाचित घोषणा गरिएका नेपाली कांग्रेसका उम्मेदवारको रुपमा रहेका जिल्ला धनुषा, गणेशमान चारनाथ नगरपालिका वडा नं. ३ मा बस्ने सञ्जय कुमार महतो .......................१

प्रदेश सभा संसद सचिवालय मधेश प्रदेश, जनकपुरधाम, धनुषा ........................१

नेपालको संविधानको धारा १३७ समेत बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

**संक्षिप्त तथ्य**

१. म निवेदक जनता समाजवादी पार्टी नेपालको तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) को प्रदेश सभा सदस्य पदमा उम्मेदवारी दिई निर्वाचन आयोग नेपालद्वारा मिति २०७९।८।४ गतेका दिन निर्वाचन प्रकृयामा सामेल रहेको थिए। म निवेदक निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २(ङ) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २(घ) बमोजिमको उम्मेदवार रहेको तथ्यमा विवाद छैन। धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) को नागरिकले आफ्नो प्रतिनिधि छनौट गर्न गरेको मतदान तथा प्रयोग गरेको मतपत्रलाई गैरकानूनी तवरबाट गणना गर्ने, सदर मतपत्रलाई बदर गर्ने, प्रत्यक्षतर्फको मत समानुपातिक मतपेटिकामा राखेको मतलाई गणना नगर्ने, सदर मतसमेत गणना नगर्ने तथा खसेको मतभन्दा बढी मतपत्र जबरजस्तीपूर्वक गणना गर्ने अधिकार कसैलाई पनि छैन। तर विपक्षी निर्वाचन अधिकृतले मेरा निर्वाचन प्रतिद्वन्द्वी सञ्जय कुमार महतोसँग मिलोमतो गरी गैरकानूनी तथा बेइमानी मतगणना गरी म उजुरीकर्तालाई जबरजस्तीपूर्वक हराउन पुगेको छ। म उजुरीकर्ताले प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा ५७ बमोजिम दोहोऱ्याई मतगणना गरी पाउन मिति २०७९।८।९ गतेको राती निवेदन दायर गर्न खोज्दा निवेदनसमेत लिन अस्वीकार गरी सत्ता र शक्तिको प्रभावमा परी प्रहरी प्रशासन लगाई म उजुरीकर्तालाई निकाला गरी जनताको अभिमतको वेवास्ता गर्दै गैरकानूनी तथा जबरजस्ती तवरबाट निर्वाचन परिणाम घोषणा गरेको छ।

म उजुरीकर्तालाई विपक्षी निर्वाचन आयोग निर्वाचन अधिकृतको कार्यालय प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १(क) धनुषा जिल्लाको निर्वाचन अधिकृत जनताद्वारा मतदान गरिएको प्रदेश सभातर्फको सम्पूर्ण मतपत्रहरुलाई गणना नगरेको, ढल्केको छाता छापको ३२५ थान सदर मतलाई बदर गरेको तथा समानुपातिकतर्फको मतपत्रहरु मध्ये ३०० थान मतपत्र पहिलो हुने निर्वाचित प्रणालीको मतपत्रमा मिसाई जबरजस्ती हराउन पुगेको अवस्था छ। मतगणना गर्दा विपक्षी सञ्जय कुमार महतोको प्रभावमा परी गलत तवरबाट मतगणना गरी म उजुरीकर्तालाई ६ मतले हराएको कागज तयार गरी निर्वाचन परिणाम घोषणा गर्न पुगेको छ। सञ्जय कुमार महतोका समर्थकहरुद्वारा बम जस्तो वस्तु मतगणना भैरहेको कम्पाउण्ड बाहिर पड्काउन लगाई हो-हल्ला गर्न लाग्दाको अवस्थामा प्रहरीहरु आई उल्टै म उजुरकर्तालाई मतगणना स्थलबाट निकाला गरी दिएको अवस्था छ। निर्वाचन आयोगबाट दोहोऱ्याई मतगणना कार्य गरी निष्पक्ष तवरबाट निर्वाचन परिणाम घोषणा गरी पाउन निर्वाचन आयोग नेपालमा मिति

२०७९।८।१३ गतेका दिन Email मार्फत निवेदन पठाइएको तथा मिति २०७९।८।१४ गतेका दिन निर्वाचन आयोगमै उपस्थित भई निवेदन दायर गर्दागर्दैको अवस्थामा मैले दायर गरेको निवेदनमा कुनै कारवाही नगरेकोले बाध्य भई अदालत आएको छु। अतः म निवेदकलाई जबरजस्ती तथा गैरकानूनी तवरबाट ६ मतले हराई विपक्षी सञ्जय कुमार महतोलाई निर्वाचित घोषणा गरेकोले सम्मानित अदालतबाटै निर्वाचन सम्बन्धित सम्पूर्ण कागजात, मतपत्रहरु झिकाई दोहोऱ्याई मतगणना गरी म निवेदकलाई धनुषा जिल्ला क्षेत्र नं. १(क) को प्रदेश सभा सदस्य निर्वाचित भएको घोषणाको निर्णय गरी पाउँ। साथै विपक्षी सञ्जय कुमार महतोलाई निर्वाचित घोषणा गरी प्रमाणपत्रसमेत प्रदान गरेको अवस्था भएकोले प्रस्तुत निवेदनको किनारा नभएसम्म विपक्षी सञ्जय कुमार महतोलाई प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.१(क) धनुषाको प्रदेश सभा सदस्यको रुपमा कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्नेसमेत बेहोराको **निवेदनपत्र**।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिन भित्र विपक्षी नं. १, २, ३, ४, ५, ६ र ८ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. ७ को हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। साथै प्रस्तुत विवादसँग सम्बन्धित मतपत्र, निर्वाचन सम्बन्धी कागजात लगायतका सबै सामग्री तथा सि.सि.टि.भी. लगायतका अभिलेखसमेत यस अदालतबाट खोजी भएका बखत तत्काल उपलब्ध गराउने गरी सुरक्षित साथ राख्नु, राख्न लगाउनु भनी प्रत्यर्थी निर्वाचन आयोगमा लेखी पठाउनु। निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, निवेदकले उठाएको विषयवस्तुको प्रकृतिबाट प्रस्तुत विषयमा पूर्ण सुनुवाई हुँदाका बखत निरुपण हुनु मनासिब देखिँदा हाललाई निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने **यस अदालतबाट मिति २०७९।९।६ मा भएको आदेश।**

३. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८, ९ र १० अनुसार निर्वाचन आयोगले प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत नियुक्त गर्छ। निर्वाचन अधिकृतको कर्तव्य आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनमा आफ्नो निर्वाचन क्षेत्रमा स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा निर्वाचन गराउनु हो। आयोगले निर्वाचन सञ्चालनका लागि विभिन्न निर्देशिकाहरू जारी गरेको छ र सो बमोजिम निर्वाचन अधिकृतले गरेको विधिसम्मत्

कार्यलाई अन्यथा भन्न मिल्दैन। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी आयोगले निर्वाचन निर्देशिका, मतदान निर्देशिका र मतगणना निर्देशिका जारी गरेको छ। यी निर्देशिका बमोजिम निर्वाचन सम्पन्न गराउने अधिकार सम्बन्धित निर्वाचन अधिकृतको रहन्छ। निर्वाचन क्षेत्रको मतदान र मतगणना सम्बन्धी विषयमा उजुर गर्दा आयोगलाई विपक्षी बनाउनुपर्ने अवस्था नभएकोले निवेदन खारेजयोग्य छ। ऐ. ऐनको दफा ५७(१) र मतगणना निर्देशिकाको दफा २९(१) अनुसार मतगणना समाप्त नहुँदै वा मतपत्र सिलबन्दी हुनुअघि नै उम्मेदवार वा प्रतिनिधिले तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित लिखित निवेदन दिनुपर्छ। दोहोऱ्याई मतगणना गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतलाई नै छ। निवेदकले मौकैमा दोहोऱ्याई मतगणनाको निवेदन दिनुपर्ने थियो। निर्वाचन अधिकृतले कानूनसम्मत् रूपमा गरेको निर्णयको विरुद्धमा परेको निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **निर्वाचन आयोग नेपालका प्रमुख आयुक्त दिनेश कुमार थपलिया र निर्वाचन आयोगको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।**

४. नेपालको संविधानको भाग १४ र धारा ३०६(ट) अनुसार निर्वाचन आयोग संवैधानिक निकायको रूपमा परिभाषित छ। प्रदेश सभा निर्वाचन ऐन, २०७४ लगायतका कानूनहरूले प्रदेश सभा सदस्यहरूको निर्वाचन गराउने, मतगणना गराउने र निर्वाचन परिणाम घोषणा गर्ने कार्य निर्वाचन आयोगबाट हुने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा असाधारण अधिकार सर्वोच्च अदालतलाई दिइएको भए पनि निवेदकले वैकल्पिक उपचारको उपाय अपनाएको छैन। सचिवालयबाट कुनै सूचना नलिई, सूचनाको माग नगरी, सत्य तथ्य नबुझी र सचिवालयको काम कर्तव्यबारे हेक्का नराखी अनुमानको भरमा अदालतमा प्रवेश गर्नु संविधान प्रतिकूल छ। उपरोक्त कारणहरूले गर्दा यो रिट निवेदन खारेजयोग्य छ खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **प्रदेश सभा सचिवालय, मधेश प्रदेशको लिखित जवाफ।**

५. कानून बमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरी भएको मतगणना परिणामअनुसार निर्वाचित भएर प्रदेश सभा सदस्यको सपथग्रहण गरी जिम्मेवारी सम्हालिसकेको छु। मतगणना र परिणाम घोषणा बदर हुनुपर्ने कुनै अवस्था नभएकोले निवेदकको आधारहीन दावी खारेज गरी पाउँ। प्रदेश सभा सदस्य निर्वाचन ऐन र नियमावली बमोजिम मतगणना प्रतिनिधी नियुक्त गरी विधिवत् मतगणना गरिएको छ। मिति २०७९।८।८ मा निर्वाचन अधिकृतको अध्यक्षतामा भएको बैठकमा "एक बाकसमा खस्नुपर्ने मत अर्को मतपेटिकामा खसेको खण्डमा खसेको मतपत्रलाई सम्बन्धित निर्वाचन प्रणालीमा बदर गर्ने भन्ने सर्वसम्मत् निर्णय भएको छ। निवेदकको दावीअनुसार ३०० समानुपातिक मतपत्र प्रत्यक्षमा मिसाउने अवस्था नै सम्भव छैन। मतगणना अवधिभरि निवेदक र उनका मतगणना प्रतिनिधी जनता समाजवादी पार्टीका सञ्जय यादव मतगणना स्थलमा उपस्थित थिए। मतगणना फारम र

मुचुल्कामा निवेदकका प्रतिनिधीले समेत हस्ताक्षर गरी मतगणना परिणामलाई स्वीकार गरेको छ। मतगणनाको समयमा कुनै उजुरबाजुर गरेका छैनन्। प्रदेश सभा सदस्य निर्वाचन ऐनको दफा ५७(१) अनुसार मतगणना समाप्त नहुँदै वा मतपत्र सिलबन्दी हुनुअघि नै तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित लिखित निवेदन दिनुपर्छ। निवेदकले मौकामा कुनै उजुर नगरी मतगणना परिणामलाई स्वीकार गरेपछि पछि आएर निर्वाचन आयोगमा निवेदन दिएको उल्लेख गरे पनि दर्ता नम्बर उल्लेख गर्न सकेका छैनन्। निवेदकले कुन मतदान केन्द्रमा कति सदर मत बदर गरियो, कुन केन्द्रबाट ५४ मतले जित हासिल गर्ने अवस्था थियो, ढल्केको छाता छापका ३२५ मतपत्र कुन केन्द्रमा लुकाइयो भन्ने यकिन विवरण दिन सकेको छैन। यी सबै हचुवा र मनगढन्ते दावी मात्र छन्। निवेदक आफै उपस्थित भएर मिति २०७९।८।८ को बैठकमा सर्वसम्मत् निर्णयमा सहभागी भएपछि हाल आएर त्यही निर्णयको विपरीत दावी गर्नु विबन्धनको सिद्धान्त विपरीत छ। निवेदकले मौकामा उजुर नगरी मतगणना परिणामलाई स्वीकार गरी बसेको, प्रत्यर्थी उम्मेदवार निर्वाचन आयोगबाट प्रमाणपत्र प्राप्त गरी विधिवत् प्रदेश सभा सदस्य भइसकेको अवस्थामा विना आधार र प्रमाणको हचुवा दावीका आधारमा मतगणना बदर गर्नुपर्ने अवस्था छैन। यो रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट **धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) का प्रदेश सभा सदस्य पदमा निर्वाचित सञ्जय कुमार महतोको लिखित जवाफ।**

६. रिट निवेदकले ढल्केको छाताको सदर मतलाई जबरजस्ती तवरबाट बदर गरेको भनाईतर्फ ढल्केको छाता लगायत कुनै पनि उम्मेदवारको सदर मतलाई बदर गरेको छैन। सबै उम्मेदवारका मतगणना प्रतिनिधिहरूको उपस्थितिमा मतगणना कार्य भएको हो। प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना छुट्टाछुट्टै कोठामा भएकोले ३०० मतपत्र मिसाएको भन्ने निवेदकको दावी हास्यास्पद छ। धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) मा कुल मतदाता संख्या ६०,५२४, खसेको मत ३९,३८६, सदर मत ३७,६७४ र बदर मत १,७१२ रहेको छ। नेपाली कांग्रेसका सञ्जय कुमार महतोले १०,९५५ मत र जनता समाजवादी पार्टीका सुकेधर यादवले १०,९४९ मत प्राप्त गरेको छ। खसेको मतभन्दा ६० मत बढी गणना गरेको अवस्था छैन। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५६ र निर्वाचन आयोगको मिति २०७९।८।४ को परिपत्र अनुसार बदर हुने मतपत्र बदर गरी अन्य मतपत्रलाई सदर गरी गणना गरिएकोले निवेदकको भनाई तर्कसंगत छैन। मतगणना गर्ने चार कोठा र मतपेटिका राखेको पाँच कोठामा सि.सि. क्यामेरा जडान गरिएको थियो। सम्पूर्ण उम्मेदवारका प्रतिनिधिहरूको रोहवरमा मतपेटिका खोल्ने र सिलबन्दी गर्ने कार्य भएकोले ढल्केको छाता अंकित मतपत्र लुकाउन सम्भव छैन। मिति २०७९।८।८ गते निर्वाचन अधिकृतको अध्यक्षतामा भएको सर्वदलीय बैठकमा निवेदक सुकेश्वर यादवसमेत

सहभागी भएर "समानुपातिक मतपेटिकामा प्रत्यक्षको मतपत्र र प्रत्यक्ष मतपेटिकामा समानुपातिकको मतपत्र खसेको भए त्यो मतपत्रलाई बदर मानी मत गणना गर्ने" भन्ने निर्णयमा सहिछाप गरेकोले सर्वदलीय बैठकको निर्णय बमोजिम नै त्यस्तो मतपत्र बदर गरिएको हो। निवेदन दावी खारेजभागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **निर्वाचन अधिकृतको कार्यालय, धनुषाको तर्फबाट तथा आफ्नो हकमा समेत ऐ. ऐका निर्वाचन अधिकृत उत्तम प्रसाद खरेलको लिखित जवाफ।**

७. निवेदक सुकेश्वर यादव जनता समाजवादी पार्टी नेपालका तर्फबाट प्रदेश सभा सदस्य पदका उम्मेदवार रहेका छन्। उनले धनुषा निर्वाचन क्षेत्र नं. १(क) को मतपरिणाम घोषणाको विरुद्धमा निवेदन दायर गरेका र सो निर्वाचन क्षेत्रको मतगणना र निर्वाचन परिणाम घोषणा जस्ता सम्पूर्ण कामको जिम्मेवारी सम्बन्धित निर्वाचन क्षेत्रमा खटिएका निर्वाचन अधिकृतको हुने गर्दछ। मुख्य निर्वाचन अधिकृतको कार्यालयको जिम्मेवारी भनेको आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन सञ्चालन र व्यवस्थापन गर्ने र अन्य निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरूसँग आवश्यक समन्वय गर्नेसम्म मात्र हो। अन्य निर्वाचन क्षेत्रमा सञ्चालन हुने निर्वाचन सम्बन्धी कार्यमा सम्बन्धित निर्वाचन अधिकृतबाट सञ्चालन हुन्छ। तसर्थ, यी निवेदकको तर्फबाट परेको रिट निवेदनमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र ऐ. का मुख्य निर्वाचन अधिकृतको हकमा माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन। उक्त रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **मुख्य निर्वाचन अधिकृतको कार्यालय, धनुषाको तर्फबाट र आफ्नो हकमा समेत तत्कालीन मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलको लिखित जवाफ।**

## यस अदालतको आदेश

८. नियमानुसार पेसी सूचीमा चढी सुनुवाईको लागि आज यस इजलासमा पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री भरत बहादुर राउत, श्री राजन प्रसाद दाहाल, श्री नारादमुनी प्याकुरेलले धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) को प्रदेश सभा सदस्य निर्वाचनमा व्यापक अनियमितता भएको छ। निर्वाचन अधिकृतले गैरकानूनी तवरले मतगणना गरी विपक्षी सञ्जय कुमार महतोलाई विजयी घोषणा गरिएको छ। निवेदकको ढल्केको छाता छापका करिब ३२५ थान सदर मतपत्रलाई प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५६ को विपरीत जबरजस्ती बदर गरिएको छ। समानुपातिकतर्फका ३०० मतपत्रलाई प्रत्यक्षतर्फको मतपत्रमा मिसाएर गणना गरिएको छ। निवेदकले दोहोऱ्याई मतगणनाको माग गर्दा निवेदन लिन अस्वीकार गरिएको अवस्था छ। निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा १७(क) अनुसार निर्वाचन अधिकृतले सदर मत भन्ने विश्वास गर्न सकिने मनासिब आधार हुँदाहुँदै त्यस्तो मत गणना बदर गर्न हुँदैन। मिति २०७९।८।४ को निर्वाचन आयोगको निर्णय खारेज

नभई मिति २०७९।८।८ मा बसेको सर्वदलीय बैठकको निर्णय मान्य हुन सक्दैन। निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४४(१) अनुसार कानून बमोजिम मतगणना नगरेको, बदर हुने मत बदर नगरेको र सदर हुने मत सदर नगरेको हुँदा मतगणना कार्य बदर गरी दोहोर्‍याई मतगणना गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

९. प्रत्यर्थी सञ्जय कुमार महतोको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री खम्म बहादुर खाती, अधिवक्ता श्री जनकराज श्रेष्ठ, अधिवक्ता श्री मंगल सुन्दर शिल्पकारले निवेदकले वैकल्पिक उपचारको मार्गलाई अवलम्बन् नगरी अदालतको असाधारण अधिकारक्षेत्रबाट उपचार माग गरेकोले प्रथम दृष्टिमा नै निवेदन खारेजभागी छ। प्रत्यर्थी सञ्जय कुमार महतोले कानूनसम्मत् प्रक्रिया पूरा गरी निर्वाचन आयोगबाट प्रमाणपत्र प्राप्त गरी प्रदेश सभा सदस्यको सपथसमेत लिइसकेका छन्। निवेदकको आधारहीन दावीका कारण स्थापित निर्वाचन परिणामलाई बदर गर्नुपर्ने होइन। निवेदकको कुनै पनि दावी प्रमाणित हुन सकेको छैन। उल्टो निवेदकले आफैले स्वीकार गरेको तथ्यहरूले निवेदकको दावी खण्डित भएको छ। मतगणना कार्य सम्पूर्ण दल र उम्मेदवारका प्रतिनिधिहरूको रोहवरमा भएको हो। निवेदकका मतगणना प्रतिनिधी सञ्जय यादवले समेत मतगणना फारम र मुचुल्कामा हस्ताक्षर गरी मतगणना परिणामलाई स्वीकार गरेको तथ्य निर्विवाद छ। यदि मतगणनामा कुनै अनियमितता भएको भए तत्काले त्यही उजुर गर्नुपर्ने थियो। यस्तो आधारहीन, हचुवा र मनगढन्ते निवेदनका कारण निर्वाचन प्रक्रियाको गरिमालाई धक्का पुग्छ। प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१०. निर्वाचन आयोगसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले संविधान र कानूनले निर्वाचन अधिकृतलाई स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन सञ्चालन गर्ने अधिकार दिएको छ। निर्वाचन अधिकृतले आयोगको निर्देशनमा रहेर कानूनसम्मत् कार्य गरेको छ। मिति २०७९।८।८ गतेको निर्वाचन अधिकृतको अध्यक्षतामा भएको सर्वदलीय बैठकमा निवेदक सुकेश्वर यादव स्वयं उपस्थित भएर "एक बाकसमा खस्नुपर्ने मत अर्को मतपेटिकामा खसेको खण्डमा सम्बन्धित निर्वाचन प्रणालीमा बदर गर्ने" निर्णयमा सहमति जनाएको छ। अब त्यही निर्णयको विपरीत जाने कुरा विबन्धनको सिद्धान्त विपरीत छ। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५७ को उपदफा (१) अनुसार मतगणना समाप्त नहुँदै वा मतपत्र सिलबन्दी हुनुअघि नै तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित लिखित निवेदन दिनुपर्ने हुन्छ। निवेदकले यो कानूनी प्रक्रिया पालना गरेकोसमेत नहुँदा निवेदन खारेज होस् भनी गर्नुभएको बहस सुनियो।

११. अब निवेदकको माग बमोजिम दोहोर्‍याई मतगणना हुनपर्ने हो वा होइन? भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. *निर्णयतर्फ विचार गर्दा,* जनता समाजवादी पार्टी नेपालका तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १(क) का प्रदेश सभा सदस्य पदका उम्मेदवार सुकेश्वर यादवले मतगणनाको क्रममा आफ्ना ढल्केको छाता छापका ३२५ थान सदर मतपत्रलाई निर्वाचन अधिकृतले जबरजस्ती बदर गरेको, समानुपातिकतर्फका ३०० मतपत्रलाई प्रत्यक्षतर्फको मतपत्रमा मिसाएर गणना गरेको र आफूलाई मतगणना स्थलबाट निकालेर ५४ मतले जितिरहेको अवस्थामा ६ मतले पराजित भएको भनी घोषणा गरेकाले सो मतगणना कार्य बदर गरी दोहोऱ्याई मतगणना गरी आफूलाई निर्वाचित घोषणा गरी पाउँ भन्ने मागदावी लिई प्रस्तुत उजुर निवेदन दायर गरेको देखिन आयो। सर्वदलीय बैठकको सहमति एवं कानूनले निर्दिष्ट गरेको प्रक्रिया बमोजिम नै मतगणना गरिएको हुँदा उजुरी निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरूको लिखित जवाफको मुख्य बेहोरा रहेको पाइयो।

१३. अब दोहोऱ्याई मतगणना गरी पाउँ भन्ने निवेदकको मुख्य मागदावी रहेकोले यसमा दोहोऱ्याई मतगणना गर्नुपर्ने सम्बन्धी कानूनी व्यवस्था र सो गर्नुपर्ने पूर्वावस्थाको विद्यमानता रहे नरहेको सम्बन्धमा हेर्न वाञ्छनीय देखियो। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५७(१) मा **"कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको सम्बन्धमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले र समानुपातिक निर्वाचन प्रणाली** अन्तर्गत भएको **निर्वाचनको मतगणनाको सम्बन्धमा कुनै दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित लिखित निवेदन दिन सक्नेछ"** भन्ने तथा दफा ५७(२) मा **"उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्काले दर्ता गरी दोहोऱ्याई मतगणना गर्नुपर्ने देखिएमा दोहोऱ्याई मतगणना गर्न सक्नेछ"** भन्ने र दफा ५७(३) मा **"उपदफा (२) बमोजिम दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा निर्वाचन अधिकृतले सोही बेहोराको निर्णय गरी त्यस्तो स्थानमा उपस्थित रहेका सम्बन्धित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले त्यस्तो** निर्णयको **सूचना दिनु पर्नेछ"** भन्ने उल्लेख भएको देखिन्छ। यसबाट मतगणना सकिनु वा मतपत्र सिलबन्दी हुनु अघि दलको प्रतिनिधि वा उम्मेदवारले लिखित रूपमा र कारणसहित निर्वाचन अधिकृत समक्ष मतपत्र पुनः गणना गर्न निवेदन दिन सक्ने, निर्वाचन अधिकृतले निवेदन दर्ता गरी आवश्यक देखिएमा पुनः मतगणना गर्न सक्ने र पुनः मतगणना नगर्ने निर्णय भएमा निर्वाचन अधिकृतले सम्बन्धित पक्षहरूलाई निर्वाचन परिणाम घोषणा गर्नु अघि सूचित गर्नुपर्ने देखियो।

१४. नेपालको संविधान, २०७२ को धारा १३७(२) को खण्ड (ख) ले यस सर्वोच्च अदालतको संवैधानिक इजलासलाई निर्वाचन सम्बन्धी विवादको जुन क्षेत्राधिकार प्रदान गरेको छ त्यो असीमित र निरपेक्ष ग्रहणयोग्यता (Absolute Admissibility) को आधार होइन। प्रक्रियागत न्यायको विधिशास्त्र (Jurisprudence of Procedural Justice) अनुसार अदालतले आफ्नो असाधारण क्षेत्राधिकार प्रयोग गर्नुअघि नियमित र वैकल्पिक उपचारको मार्गको समाप्ति हुनुपर्ने अनिवार्य छ। न्यायपालिकाले अन्तिम उपाय (Last Resort) को रूपमा मात्र हस्तक्षेप गर्नुपर्छ। यसैमा न्यायिक शक्तिको गरिमासमेत अन्तर्निहित रहेको हुन्छ।

१५. निर्वाचन अधिकृत एवं निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाको प्राविधिक ज्ञान, तत्काल निर्णयको क्षमता र तत्कालीन परिस्थितिको बुझाइ रहने हुँदा मतगणना विवाद जस्ता संवेदनशील र तत्काल समाधान आवश्यक पर्ने मामिलामा उक्त प्राथमिक निकायले नै विवाद सुनुवाई गर्नु सबैभन्दा उपयुक्त हुने देखिन्छ।[1] सोहि बुद्धिमताको प्रयोग गरी प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५७ को उपदफा (१) मा मतगणना समाप्त नहुँदै वा मतपत्र सिलबन्दी हुनुअघि निर्वाचन अधिकृत समक्ष तत्काल कारणसहित लिखित निवेदन दिन सकिने भनी विधायिकाले विवादको त्वरित समाधानको लागि प्राथमिक संस्थागत संयन्त्र निर्माण गरेको देखिन्छ। यसलाई कुनै पक्षले आफ्नो सुविधानुसार उपयोग गर्ने वा उपेक्षा गर्न मिल्दैन। यदि उक्त कानूनी व्यवस्थालाई नजरअन्दाज गरी अधिक लचकता (flexibility) अपनाइयो भने विधायिकाद्वारा निर्मित उक्त कानूनी व्यवस्थाको अवमूल्यन वा परास्त हुन जान्छ। यदि कानूनले तोकिदिएको त्यस्तो वैकल्पिक उपचारको मार्ग अपर्याप्त (inadequate) वा अप्रभावकारी (inefficient) भएमा सोको स्पष्ट अवस्था रहेको भनी अदालतलाई विश्वास दिलाउने दायित्व उजुरी निवेदन दिने पक्षमा नै रहन्छ। जहाँ कानूनले नै नियमित उपचारको मार्ग निर्दिष्ट गरेको छ, त्यहाँ सो मार्गको उपेक्षा गरी अदालतको असाधारण क्षेत्राधिकारबाट प्रवेश गर्ने कार्य न्यायिक अनुशासन र कानूनी पदानुक्रमको मूलभूत सिद्धान्त विपरीत हुन्छ। संवैधानिक संकट (Constitutional Crisis), क्षेत्राधिकारको शून्यता (Jurisdictional Vacuum) स्पष्ट अन्याय (Manifest Injustice), अपूरणीय हानि (Irreparable Harm) जस्ता अपवादात्मक अवस्थामा र कानूनले वैकल्पिक उपचारको मार्गलाई अनुसरण गर्न अनिवार्य नहुने भनी व्यक्त रूपमा नै सुविधा दिएको अवस्थामा बाहेक वैकल्पिक उपचारको मार्ग प्रक्रियालाई पुरा गर्नुपर्ने नै हुन्छ।

१६. निर्वाचन विवादमा निर्वाचन अधिकृत/निर्वाचन आयोग समक्ष उजुरी दिने वा अदालतमा उजुरी दिने भन्ने विषय क्षेत्राधिकारको चयन (Choice of Jurisdiction) भित्र पर्ने विषय होइन। अर्धन्यायिक प्रकृतिको जिम्मेवारी पाएको निर्वाचन आयोग र न्यायिक कार्य गर्ने

---

[1] Venice Commission, Report on Election Dispute Resolution, Opinion No. 913/2018, CDL-AD(2020)025 (2020) जस्ता निर्वाचन सम्बन्धी प्रतिवेदनहरुमा पनि यसै कुरा उल्लेख भएको छ।

अदालत बीचको सम्बन्ध समानान्तर विकल्पको नभएर क्रमबद्ध पूरकता (Sequential Complementarity) मा आधारित रहेको मान्नुपर्ने हुन्छ। निर्वाचन आयोग र सो अन्तर्गतका निकायमा दिइने उजुरी अदालत प्रवेश गर्नुअघि पक्षलाई तोकिदिएको बाध्यकारी वैकल्पिक उपचारको मार्ग हो। यो कानूनी अनुशासन र संस्थागत सम्मानको विषय पनि हो। आफ्नो दावीलाई उक्त सक्षम निकाय समक्ष राख्दै नराखी सिधै अदालत प्रवेश गर्ने कार्य प्रक्रियागत न्यायको मर्यादा विपरीत हुन्छ। संविधानको धारा २० को उपधारा (९) मा निहित उचित प्रक्रिया (Due Process) को सिद्धान्त अनुसार न्यायिक प्रक्रिया निष्पक्ष र व्यवस्थित गर्न वैकल्पिक उपचारको मार्गलाई नजर अन्दाज गर्न मिल्दैन। विश्वका प्रमुख न्यायिक प्रणालीहरूमा उपचारको मार्गको परिपूर्णता (Doctrine of Exhaustion of Remedies) एक मान्यता प्राप्त सिद्धान्त हो। अमेरिकामा प्राथमिक निकायको विशेषज्ञता (Primary Jurisdiction Doctrine), बेलायतमा प्रशासनिक उपचारको समापन (Administrative Exhaustion Principle) र अन्य युरोपेली देशहरूमा सहायक भूमिकाको सिद्धान्त (Subsidiarity Principle) यसै सिद्धान्तका विभिन्न अभिव्यक्ति हुन् भन्न सकिन्छ। संस्थागत सक्षमता (Institutional Competency) को सिद्धान्त अनुसार प्रत्येक संस्थाको आ-आफ्नै क्षमता र विशेषज्ञता हुन्छ। निर्वाचन सम्बन्धी विवादहरूमा त्यस्तो विशेषज्ञता निहित रहेको संस्था भनेको निर्वाचन आयोग र सो अन्तर्गतका कार्यालयहरू नै हुन्। निर्वाचन प्रक्रियाको पवित्रता (sanctity) र विश्वसनियता (trust) वृद्धि गर्न यी संस्थाले नै विवेकपूर्ण विचार (Prudential Considerations) र व्यवहारिक बुद्धिमता (practical wisdom) को आधारमा विवाद समाधान गर्न सक्षम र सबल छन् भन्ने परिकल्पना गरेर नै विधायिका निर्मित कानूनले नै उक्त निकायलाई संस्थागत स्वायत्तता र जवाफदेहिता सुम्पेको पनि छ। यसले नै लोकतान्त्रिक मुल्यको संरक्षण गर्छ र संवैधानिक निकायको ओजस्विता र तेजस्विता कायम गर्दछ।

१७. मतगणना विवाद जस्ता संवेदनशील मामिलामा प्राथमिक निकायले नै विवाद सुनुवाई गर्न उपयुक्त हुने अवस्थामा आफ्नो दावीलाई समयमा नै सो निकाय समक्ष नराखी सिधै अदालत प्रवेश गरेको कार्य प्रक्रियागत रूपमा मिलेको भनी मान्न मिल्दैन। **नेपालको संविधानको धारा १३७(२)(ख) बमोजिम संवैधानिक इजलासलाई निर्वाचन सम्बन्धी विवाद हेर्ने क्षेत्राधिकार छ भन्दैमा उक्त क्षेत्राधिकार अन्तर्गतका विवादहरू वैकल्पिक उपचारको मार्गलाई नरित्याई सिधै ग्रहणयोग्य (admissible) हुने भन्ने हुँदैन।** यस्तो निवेदन गाह्य नहुने हुँदा परिणामतः निवेदन खारेज गर्नुपर्ने देखिन आयो। तथापि निवेदकले निर्वाचन आयोगसमक्ष इमेलमार्फत उजुरी दिएको र निर्वाचन आयोगले दर्ता गर्न इन्कार गरेको भन्ने जिकीर लिएको पाइयो। यद्यपि सो जिकीरलाई प्रत्यर्थीहरूले स्वीकार गरेको नदेखिएको र निवेदकले पनि सो इमेलको स्क्रिनसटका छायाँप्रतिहरू निवेदनसाथ पेस गर्न सकेको नदेखिंदा

निवेदकको उक्त भनाई विश्वासयोग्य देखिएन। यद्यपि निवेदकको उक्त एकपक्षीय अप्रमाणित कोरा कथनलाई आधार मानेर विवादको मुल विषयवस्तुभित्र प्रवेश गरी विश्लेषण गर्ने हो भने पनि तलको प्रकरणमा उल्लेखित आधार, कारणबाट समेत निवेदन दावी पुग्न सक्ने देखिंदैन।

१८. सर्वप्रथम निर्वाचन अधिकृतले प्रतिद्वन्द्वी उम्मेदवार सञ्जय कुमार महतोसँग मिलेमतो गरी गैरकानूनी तवरले मतगणना गरेको र प्रहरी प्रशासन लगाई उजुरीकर्तालाई निकाला गरेको भन्ने जुन निवेदन जिकीर छ सोतर्फ हेर्दा निवेदकले सो कुरालाई पुष्टि प्रमाणित गर्ने गरी कुनै विश्वसनीय प्रमाण पेश गर्न सकेको पाइँदैन। मतगणना गर्ने चार कोठा र मतपेटिका राखेको पाँचौ कोठामा सि.सि.टि.भि. क्यामेराको निरन्तर निगरानी रहेको एवं सम्पूर्ण उम्मेदवारका प्रतिनिधिहरूको रोहवरमा मतपेटिका खोल्ने र सिलबन्दी गर्ने कार्य भएको भन्ने निर्वाचन अधिकृतको लिखित जवाफ रहेको पाइयो। यसबाट मतगणनाको क्रममा निवेदकले जिकीर लिएजस्तो कुनै अनियमितता वा अवाञ्छित गतिविधि भएको भनी अनुमान गर्न सकिने आधार देखिंदैन। निर्वाचन अधिकृतको उक्त लिखित जवाफको बेहोराको युक्तिसंगत प्रतिवाद बहसको क्रममा समेत प्रस्तुत भएको पाइएन। निर्वाचनमा सहभागि अन्य राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारलेसमेत उक्त मतगणनाका सम्बन्धमा कुनै आधिकारिक रूपमा आपति जनाएको वा मतपरिणाम अस्वीकार गरेको भन्ने पनि देखिंदैन। **निर्वाचनमा न्यून मतान्तरले पराजित भएको उम्मेदवारहरूमा तुलनात्मक रूपमा अन्य उम्मेदवारहरूभन्दा बढी निराशा र असन्तुष्टि हुनु सामान्य मानव स्वभाव हो।** यस्तो अवस्थाले **प्रेरित भएर लगाइएका आरोपहरूलाई निराशाको प्रक्षेपण (projection of frustration)** को **रूपमा लिनुपर्ने हुन्छ। भावनात्मक प्रतिक्रियाको रूपमा गरिएको केवल एकपक्षीय र प्रमाणविहीन मिथ्या आरोपलाई मान्यता दिई मतगणना प्रक्रिया र मतपरिणामप्रति शङ्का व्यक्त गर्नु उचित देखिँदैन।** यस स्थितिमा निर्वाचन अधिकृतले प्रतिद्वन्द्वी उम्मेदवार सञ्जय कुमार महतोसँग मिलेमतो गरी गैरकानूनी तवरले मतगणना गरेको र प्रहरी प्रशासन लगाई उजुरीकर्तालाई निकाला गरेको भन्ने निवेदन जिकीर विश्वासयोग्य देखिन आएन।

१९. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५६ मा मतपत्र बदर हुने १२ वटा अवस्था स्पष्ट उल्लेख छ। निर्वाचन आयोगको मिति २०७९।८।५ को बैठकको निर्णयको बुँदा नं. ३ मा "*प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रबाट प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीमा वा प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रबाट प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीमा मतदान भई दोहोरो मत परेका कारण मतगणना शुरू गर्ने सम्बन्धमा विवाद उत्पन्न भएको विषयमा सर्वदलीय सहमति कायम गरी मतगणना सुचारु गर्ने*" भन्ने उल्लेख भएको पाइयो। उक्त निर्णयले सर्वदलीय बैठकको निर्णयलाई आयोगको निर्देशन भन्दा पनि उच्च प्राथमिकता

दिएको देखिन्छ। यी निवेदक सुकेश्वर यादवसमेत उपस्थित रहेको मिति २०७९।८।८ (मतगणना सुरू हुनुपूर्व) को सर्वपक्षीय/सर्वदलीय बैठकको निर्णयको छायाँप्रति हेर्दा सोको निर्णय नं. १ मा "*मतगणना गर्दा एक बाक्समा खस्नुपर्ने मत अर्को मतपेटिकामा खसेको मतपत्रलाई प्रत्यक्ष वा सामानुपातिक कुन निर्वाचनको हो सोहि निर्वाचन प्रणालीमा मत बदर गर्ने निर्णय गरी अरू बदर मत सरह मान्ने*" भन्ने उल्लेख भएको पाइयो। यसै सन्दर्भमा *उमाशंकर अरगरियासमेत विरुद्ध निर्वाचन आयोगसमेत* भएको ०७९-WC-००२२ को उजुरी निवेदनमा "... *निर्वाचन सम्पन्न भएपछि मतगणना सुरु हुनुभन्दा अघि निर्वाचनमा सहभागी दलहरु सम्मिलित सर्वदलीय बैठक राख्नुको महत्वपूर्ण उद्देश्यमा मतगणनामा पारदर्शिता र सर्वस्वीकार्यता सुनिश्चित गर्नु हो। यस प्रकारको बैठकबाट सबै दलहरूलाई मतगणना प्रक्रियाबारे जानकारी दिइन्छ र उनीहरूको सहभागिता सुनिश्चित गरिन्छ। मतगणना प्रक्रियाका विभिन्न पक्षहरूमा सहमति जुटाउन यो बैठक महत्वपूर्ण हुन्छ भने सहमति भएका विषयमा भविष्यमा उत्पन्न हुन सक्ने विवादहरूलाई अग्रिम रूपमा सम्बोधन गरी विवाद न्युनीकरण गर्नसमेत सर्वदलीय बैठक महत्वपूर्ण हुन्छ। ...यसलाई हाम्रो निर्वाचन पद्धतिमा सुरुदेखि नै अवलम्बन गरिदै आइएको छ भने यसलाई निर्वाचन आयोगले एक महत्वपूर्ण प्रक्रियाको रूपमा मान्यता दिएको छ। सर्वदलीय बैठकको निर्णय स्पष्ट रुपमा प्रचलित कानूनको विपरीत भएमा वा निर्वाचनको निष्पक्षतामा असर पार्ने खालको भएको अवस्थामा बाहेक सर्वदलीय बैठकको निर्णयलाई वैधता प्रदान गर्नुपर्ने हुन्छ। मतगणना प्रारम्भ गर्नु अघि यस्तो बैठक गर्नु र सहमति गर्नुको अर्थ निर्वाचन सम्बन्धी हालसम्म भएका र गरिएका काम कारबाही कानूनसम्मत थिए भनी अनुमोदन गर्नु र सर्वदलीय बैठकमा निर्णय गरिए बमोजिम मतगणना भएमा मञ्जुरी छ भनी सहमति प्रकट गर्नुसमेत हो*" भनी व्याख्या भएको पाइन्छ। उक्त व्याख्याको रोहमा हेर्दासमेत निवेदक सुकेश्वर यादव स्वयंले सहमति जनाई सहिछापसमेत गरेको निर्णय बमोजिम भएको मतगणना कार्यलाई पछि मतपरिणाम आफू अनुकुल नभएपछि अस्वीकार गर्ने कार्य विवन्धनको सिद्धान्त अनुकुल देखिएन। यस्तो आचरण न्यायिक दृष्टिकोणबाट विवेकसम्मत, युक्तिसंगत र ग्राह्य मान्न सकिँदैन। एकपटक सहमति जनाएको निर्णयलाई व्यक्तिगत स्वार्थका आधारमा परिवर्तन गर्ने प्रवृत्तिलाई कलुषित मान्नुपर्ने हुन्छ। अतः दोहोऱ्याई मतगणना गरी पाउँ भन्ने निवेदन दावी पुग्न सक्ने देखिन आएन।

२०. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट मतगणनाको कार्य कानून विपरीत रहेको भन्ने नदेखिएको, निवेदकसमेत उपस्थित रहेको सर्वदलीय/सर्वपक्षीय छलफलमा भएको सहमति अनुसार नै मतगणनाको कार्य भएको, निवेदकले मतगणनाको सम्पूर्ण प्रक्रियामा सक्रिय सहभागिता जनाएको, मतगणना प्रक्रियालाई लिएर निर्वाचन अधिकृतसमक्ष रितपूर्वक

उजुरी दर्ता गरेको भन्ने पनि नदेखिएको हुँदा प्रस्तुत निवेदन दावी पुग्न सक्दैन। उजुरी निवेदन खारेज हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नू।

## तपसिल

(१) प्रस्तुत उजुरी दावी पुग्न नसकी निवेदन खारेज हुने ठहरेकोले उजुरीकर्ताले प्रस्तुत उजुरी दर्ता गर्दा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४६(१) बमोजिम यस अदालतमा राखेको धरौटी रू.१५,०००।- सदर स्याहा गर्नु भनी यस अदालतको आर्थिक प्रशासन शाखालाई लेखी पठाउनु।

(२) प्रस्तुत आदेशको प्रतिलिपिसहित आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत निर्वाचन आयोगलाई दिनू।

(३) सरोकारवालाले नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू।

(४) प्रस्तुत आदेशको विद्युतीय प्रति कम्प्युटर प्रणालीमा अपलोड गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(मनोजकुमार शर्मा)
न्यायाधीश

उक्त आदेशमा सहमत छौं।

(कुमार रेग्मी) न्यायाधीश | (प्रकाश कुमार ढुंगाना) न्यायाधीश | (सपना प्रधान मल्ल) न्यायाधीश | (विश्वम्भरप्रसाद श्रेष्ठ) प्रधान न्यायाधीश

इजलास अधिकृत : शिवप्रसाद आचार्य (उपसचिव)
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०८१ साल जेठ महिना २ गते रोज ४ शुभम् ..........................................।